गण्डकी प्रदेश सरकार
# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्या : ०८०/०८१
चलानी नं.: ११२१

मिति:२०८०/१२/२१

विषयः प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

श्री सबै स्थानीय तहहरु
गण्डकी प्रदेश ।

प्रस्तुत विषयमा यस मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८०/१२/१९ गतेको निर्णय अनुसार स्वीकृत **अगुवा (लिड) विद्यालय व्यवस्थापन निर्देशिका, २०८०** बमोजिम चालु आर्थिक वर्षमा नौ वटा विद्यालयलाई लिड विद्यालय विकास अनुदान प्रदान गर्ने कार्यक्रम भएकोले विद्यालयका लागि विकास गर्नुपर्ने शैक्षिक एवम् भौतिक पूर्वाधारहरु विकास गर्न ईच्छुक स्थानीय तहहरुले तपसिल बमोजिमका आधारहरु पूरा भएका विद्यालय मध्ये एउटा विद्यालयलाई लिड विद्यालय विकास गर्नका लागि तपसिल बमोजिमका कागजात सहितको प्रस्ताव मिति २०८१/०१/०५ गते भित्र मन्त्रालयमा पेश गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

आधारहरुः

१. प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म सञ्चालन भएको,
२. अगुवा (लिड) विद्यालयमा हुनुपर्ने शैक्षिक र भौतिक पूर्वाधारहरुको विकास गर्नका लागि विद्यालयको हाताभित्र वा १ किलोमिटरको दुरी भित्र हिमाली भेग भए १५ रोपनी, पहाडी भेगमा भए २० रोपनी, तराई भएमा ३ बिघा जग्गा हुनुपर्नेछ ।यदि विद्यालयको आफ्नै स्वामित्वको जग्गा नभएमा त्यस्ता विद्यालयका लागि भोगाधिकारको प्रमाणित कागजात पेश गर्नुपर्नेछ ।
३. विद्यालयको भौगोलिक अवस्थिति बाढी, पहिरो, भुक्षय लगायत प्राकृतिक प्रकोपका दृष्टिले जोखिमरहित स्थानमा रहेको,
४. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन भई क्रियाशिल रहेको,
५. विद्यालयले नियमानुसार सामाजिक परिक्षण र अन्तिम लेखा परिक्षण वार्षिक रुपमा तोकिएकै समयमा सम्पन्न गरेको,
६. एकिकृत शैक्षिक सुचना प्रणालीमा विद्यालयको तथ्याङ्क भर्ने र अध्यावधिक गर्ने गरेको,
७. शैक्षिक सत्र, २०८० मा कम्तीमा ३०० जना विद्यार्थी अध्ययन गरेको हुनुपर्नेछ ।

पेश गर्नुपर्ने कागजातहरुः

१. स्थानीय तहले तोकेको मिति भित्र विद्यालयले अनुसुची-१ को ढाँचामा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित स्थानीय तहमा निवेदन दिनुपर्नेछ ।
२. स्थानीय तहले विद्यालयहरुबाट प्राप्त प्रस्तावहरुलाई अध्ययन गरी अधिकतम् विद्यार्थी लाभान्वित हुने र स्थानीय तहका अन्य विद्यालयका लागि पनि पायक पर्ने गरी विद्यालय छनौट र विकासका लागि कार्यपालिकाको निर्णय सहित अनुसची-२ को ढाँचामा प्रमाणित प्रस्ताव

phone no. 061-467914 E-mail-mosdaedu@gmail.com

गण्डकी प्रदेश सरकार

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

पत्र संख्या : ०८०/०८१

चलानी नं.: १९२१

३. विद्यालयको नाममा रहेको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि वा भोगाधिकार सम्बन्धी खुलेको प्रमाणित कागजात,

४. सम्बन्धित स्थानीय तहले छनोट एवम् सिफारिस गरेको विद्यालय मन्त्रालयबाट छनोट भएमा अगुवा (लिड) विद्यालय विकास र सञ्चालनका लागि कुल लागतको कम्तीमा ३० प्रतिशत रकम साझेदारी गर्ने सम्बन्धमा अनुसुची -३ बमोजिमको ढाँचामा प्रतिबद्धता,

५. विद्यालयको भौगोलिक अवस्थिति बाढी, पहिरो, भुक्षय लगायत प्राकृतिक प्रकोपका दृष्टिले जोखिमरहित स्थानमा रहेको सम्बन्धमा स्थानीय तहको प्राविधिक प्रतिवेदन र स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय,

६. शैक्षिक सत्र, २०८० मा स्थानीय तहले सिफारिस गरेको लिड विद्यालयमा नजिकै रहेका विद्यालय गाभिई सकेको वा लिड विद्यालयको रुपमा विकासका लागि छनोट भएमा छनौट भएको लिड विद्यालयमा एकिकरण/समायोजन हुने गरी वि.व्य.स./अभिभावक भेलाले गरेको निर्णय प्रतिलिपी,

७. शैक्षिक सत्र २०८० को प्रमाणित विद्यार्थी विवरण ।

..........................

(तोयनाथ लम्साल)

उपसचिव

उप सचिव